सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०८२/८३
च.नं.

मितिः- २०८३/०८/१०

प्रधानाध्यापक पदमा नियुक्तिका लागि दरखास्त आह्वान गर्ने सम्बन्धी सूचना।

शिक्षा नियमावली, २०५९ (दशौं संशोधन सहित) को नियम ९३ बमोजिम यस गाउँपालिका अन्तर्गतका देहायका सामुदायिक विद्यालयमा प्रधानाध्यापक छनौट गर्नुपर्ने भएकोले ऐ. नियमावलीको ऐ.नियमको उपनियम -२ बमोजिम सम्बन्धित विद्यालयको सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकहरु मध्येबाट आवेदन दिनेगरी सरावल गाउँ शिक्षा समितिको मिति २०८३/०७/१२ गतेको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजात सहित सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समिति/विद्यालय प्रशासन समक्ष आवेदन पेश गर्नुहुन अनुरोध छ। सम्बन्धित विद्यालयको सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकले प्रधानाध्यापकका लागि दरखास्त दिन सक्ने विद्यालयहरुको विवरण: (प्रथम चरण)

क्र.स.	विद्यालयको नाम	ठेगाना	तह	कैफियत
१	आदर्श माध्यमिक विद्यालय	सरावल-१,खोखरपुरा	माध्यमिक	
२	जनता माध्यमिक विद्यालय	सरावल-२, मनरी	माध्यमिक	
३	महेन्द्र जनता माध्यमिक विद्यालय	सरावल-६, गडौरी	माध्यमिक	
४	जनता माध्यमिक विद्यालय	सरावल-६,भुजहवा	माध्यमिक	
५	जनशक्ति आधारभूत विद्यालय	सरावल-२, दडिया	आधारभूत तह (१-५)	
६	त्रिमूर्ती आधारभूत विद्यालय	सरावल-२, तिलौली	आधारभूत तह (१-५)	
७	बालपूरी आधारभूत विद्यालय	सरावल-३, पिपरा	आधारभूत तह (१-५)	
८	बाल्मिकी आधारभूत विद्यालय	सरावल-७, भटवलिया	आधारभूत तह (१-५)	

प्रधानाध्यापक पदमा दरखास्त दिनका लागि आवश्यक न्यूनतम योग्यता:

१.आधारभूत तहका लागि आवश्यक न्यूनतम योग्यता:

स्नातक तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने तर शिक्षाशास्त्रमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी पाँच वर्ष स्थायी सेवा गरेको शिक्षकले समेत आधारभूत तहको प्रधानाध्यापक पदमा उम्मेदवार हुन पाउनेछन्।

२.माध्यमिक तहका लागि आवश्यक न्यूनतम योग्यता:

स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने तर शिक्षाशास्त्रमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी पाँच वर्ष स्थायी सेवा गरेको शिक्षकले समेत माध्यमिक तहको प्रधानाध्यापक पदमा उम्मेदवार हुन पाउनेछन्।

आशिष गौतम
प्रमुख प्रशासकीय अधिकृत

सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०८२/८३
च.नं.

मितिः- २०८३/०८/१०

३.दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:

क. उम्मेदवारको निवेदन

ख. सम्बन्धित तहको स्थायी नियुक्ति पत्र (बढुवा समेत) को प्रतिलिपि

ग. न्यूनतम र माथिल्लो शैक्षिक योग्यता लब्धाङ्कपत्र/मार्कसीट/ग्रेडसीटको प्रतिलिपि

घ. व्यवस्थापन तालिम र शैक्षिक तालिमको प्रमाणपत्रको प्रतिलिपि

ङ. विद्यालय विकास प्रस्तावन (शिक्षा नियमावली, २०५९ को अनुसूची-१३ मा उल्लेख भए अनुसार)

च. पछिल्लो तीन वर्षको अध्यापन गरेको विषयमा प्राप्त नतिजा (सम्बन्धित तहको कुनै एक कक्षा र एक विषय, हाल कार्यरत विद्यालयमा तीन वर्ष पूरा नभएको भए अघिल्लो विद्यालयमा प्राप्त नतिजा)

छ. आफ्नो नाममा सरकारी बेरुजु नरहेको, कुनै विभागीय कारबाही नभएको र उच्च नैतिक चरित्र भएको व्यहोराको स्व:घोषणपत्र।

पुनश्च: सम्बन्धित विद्यालयमा सम्बन्धित तहका स्थायी शिक्षक नभएका विद्यालयहरुमा प्रधानाध्यापक नियुक्ति प्रकिया दोस्रो चरणमा हुनेछ।

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत
श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:
श्री शिक्षा विकास तथा समन्वय एकाइ, नवलपरासी (ब.सु.प.)।